म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ११४ बिहीबार, १६ मंसिर २०७८ त्रयोदशी ने. सं. ११४२ कछलाथा 2 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रेस सेन्टर बागमती प्रदेशमा गौतम



हेटौंडा/प्रेस सेन्टर नेपाल बागमती प्रदेश समितिको अध्यक्षमा यदुनाथ गौतम चयन भएका छन् । हेटौंडामा आयोजित सम्मेलनबाट गौतमको अध्यक्षतामा ३५ सदस्यीय समिति सर्वसम्मत चयन गरेको हो ।

बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यमा भएको सम्मेलनले वरिष्ठ उपाध्यक्षमा मकवानपुरकी नानीमाया बिष्ट, उपाध्यक्षमा नुवाकोटका कपिलदेव खनाल र सिन्धुलीकी अन्जु डोल्मा तामाङ, मुख्य सचिवमा मकवानपुरका ध्रुव अधिकारी, खुल्ला सचिवमा चितवनका सुमन गैरे र सन्तोष देवकोटा, काभ्रेका सन्तोष दाहाल), सिन्धुलीका ध्रुवचन्द्र खड्का, जनजाति सचिवमा दोलखाका गौतम जिरेल, महिला सचिवमा सिन्धुपाल्चोककी चन्द्रकला खत्री, कोषाध्यक्षमा धादिङका बद्री अधिकारीसहित ३५ सदस्यीय कार्यसमिति चयन गरिएको छ ।

### मउवा संघद्वारा मुख्यमन्त्री र मन्त्रीहरुको स्वागत

# भीमफेदी सडकखण्ड तीब्र गतिमा निर्माण हुने मुख्यमन्त्रीको दाबी

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर उद्योग वाणिज्य संघले बुधबार बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे र प्रदेशका मन्त्रीहरुको हेटौंडामा स्वागत तथा सम्मान गरेको छ ।

मुख्यमन्त्रीसँगै बागमती प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेल, माननीय सामाजिक विकास मन्त्री कुमारी मोक्तान र माननीय आन्तरिक मामिला तथा कानून मन्त्री कृष्णप्रसाद शर्मा खनाललाई संघले स्वागत सम्मान गरेको थियो । उनीहरुलाई संघका अध्यक्ष कृष्णकुमार गुप्ताले टिका तथा दोसल्ला लगाई सम्मान गरेका थिए ।



कार्यक्रममा मुख्यमन्त्री पाण्डेले भीमफेदी-काठमाडौं सडक खण्ड तिब्र गतिमा निर्माण गर्न पहल गरिएको दाबी गरेका छन् । हेटौंडादेखि नारायणगढसम्म मात्र सयौं खाल्डाखुल्डीहरु रहेकोले सडकलाई स्तरीय नबनाई विद्युतीय बस संचालन गर्न नसकिने, हेटौंडा-काठमाडौं अन्तर्गतको सडक खण्डमा सुरुङ्गमार्ग निर्माणको लागि छोटो कार्यअवधि बाँकी भएको उनले बताए ।

मुख्यमन्त्री पाण्डेले सुरुङमार्ग निर्माण सरकार र न्यून बजेटले सम्भव नहुने, राजमार्गको स्थान परिवर्तन गर्न सक्ने अधिकार संघीय सरकारमा रहेको, नापतौल कार्यालयको व्यवस्था गर्न सहजीकरण गरिने, औद्योगिक क्षेत्रहरु अभिभावक विहिन जस्तो देखिएको धारणा राखेका थिए ।

बैदेशिक रोजगारीमा जानलाईसमेत सवारी लाइसेन्स आवश्यक पर्ने भएकोले ट्रायल सेन्टरहरु निजी क्षेत्रको लागानीमा खोलिनुपर्नेमा उनले जोड दिए । 'दक्ष जनशक्ति निर्माण गर्नसके स्वदेशमै वा विदेशमा पनि राम्रो आयआर्जनमा संलग्न हुन सक्नेछ ।' उनले भने, 'निजी क्षेत्रको लगानीमा उत्पादनमूलक उद्योगहरु निर्माणमा लाग्नुपर्ने, आर्थिक क्षेत्रको सम्भावनाहरुको विषयमा आगामी दिनहरुमा थप छलफल गरिने आवश्यक छ ।'

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अरुणराज सुमार्गीले मकवानपुर जिल्ला अन्तर्गत हेटौंडाको पूर्वी भाग आर्थिक क्षेत्रको हिसाबले सम्भावना-युक्त रहेको र पल्पसा परिसरमा प्रदेश सरकारको समन्वयमा मल्टिकम्प्लेक्स बनाउन सकिने बताए । यसैगरी संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालले हेटौंडाको पश्चिमतर्फ तीनताप्केमा एयरपोर्टको सम्भावना रहेको, कैलाली उद्योग वाणिज्य संघको संलग्नतामा कैलालीमा पिपिपि अवधारणामा एयरपोर्ट निर्माणको काम भएको, दाङ्गमा स्थानीय सरकार र प्रदेश सरकारको सहयोगमा त्यहाँको उद्योग वाणिज्य संघले व्यवस्थापन गर्नेगरी मल्टिकम्प्लेक्स निर्माणको काम भएकोले मकवानपुर जिल्लामा पनि त्यस्ता कामहरु गर्न सकिने बारे धारणा राखेका थिए ।

संघका महासचिव दीपक उप्रेतीले संचालन गरेको कार्यक्रममा अध्यक्ष कृष्ण कुमार गुप्ताले सडकको दायाँबायाँ २५/२५ मिटर सडक विस्तारको विकल्पमा बैकल्पिक सडकलाई राजमार्ग निर्माण गर्नुपर्ने, नापतौल कार्यालय मकवानपुर जिल्लामा हुनुपर्ने, औद्योगिक क्षेत्र प्रदेश मातहत हुँदा उपयुक्त हुने, नयाँ उद्योगहरुलाई कर छुट दिएर भएपनि भित्र्याउनु पर्ने, लकडाउनले उद्योग/व्यवसाय क्षेत्र धरासायी रहेको, मकवानपुर जिल्लामा १८ वर्ष मुनिकालाई कोभिडबिरुद्धको खोप आवश्यक भएकोबारे अवगत गरेका थिए ।

### आजदेखि हेटौंडामा काँग्रेस बागमती प्रदेश अधिवेशन

# देउवा पक्षमै बानियाँ र प्रधानबीच रस्साकस्सी

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेशको प्रथम अधिवेशन हेटौंडामा आज १६ मंसिर बिहीबार देखि र १८ गते शनिवारसम्म हुँदैछ ।

हेटौंडा-१० वनविज्ञान अध्ययन संस्थानमा हुने प्रदेश अधिवेशन प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले भर्चुअलमार्फत उद्घाटन गर्ने तय भएको छ । १४ औं महाधिवेशन अन्तर्गत हुन लागेको प्रदेश अधिवेशनमा करिब आधा दर्जन सभापतिको आकांक्षी छन् ।

संस्थापनइतरको समूहले हालसम्म पनि सभापतिको उम्मेदवार टुंग्याउन सकेको छैन् । देउवा पक्षको आधिकारिक सभापति उम्मेदवार बन्न भिमसेनदास प्रधान र इन्द्रबहादुर बानियाँबीच रस्साकस्सी चलेको छ । कृष्णप्रसाद सिटौला निकट प्रधानले यसअघि नै प्रदेश सभापतिमा उम्मेदवारी दिने घोषणा गरिसकेका छन् ।

अहिले कांग्रेसभित्र देउवा र सिटौलाको गठजोड छ । मकवानपुर कांग्रेस सभापति तथा बागमती प्रदेश संसदय दलका नेतासमेत रहेका बानियाँले पनि देउवा पक्षको आधिकारिक उम्मेदवार बन्न काठमाडौंमा कसरत गरिरहेका छन् । उनले पनि केही दिनअघि हेटौंडाबाट प्रदेश सभापतिमा उठ्ने घोष्णा गरेका थिए ।





बानियाँले बुधबार साँझ देउवा पक्षको आधिकारिक उम्मेदवारका रुपमा प्रदेश सभापतिमा उम्मेदवारी घोषणा गर्ने तयारी गरेका छन् । 'बानियाँ ज्युले देउवा पक्षको आधिकारिक उम्मेदवार बन्न लबिङ गरिरहनु भएको छ । हाम्रै समूहको प्रधान ज्यूले यसअघि उम्मेदवार घोषणा गर्नु भएको छ । अब कस्ले आधिकारिक उम्मेदवारी दिने हो हेर्न बाँकी छ ।,' बानियाँ निकट कांग्रेस नेताले भने, 'मैले बुझे अनुसार आधिकारिक उम्मेदवार बन्न लबिङ दुवैतर्फबाट भइरहेको छ ।'

पौडेल पक्षमा सभापतिको आकांक्षी धेरै भएकाले सहमतीको लागि प्रयास भइरहेको छ । कांग्रेसको वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले बागमतीमा उम्मेदवार छान्न सम्बन्धित प्रदेशका नेताहरुलाई जिम्मेवारी दिएको छ । बागमतीमा पूर्वमहामन्त्री प्रकाशमान सिंहको नेतृत्वमा रामशरण महत र अर्जुननरसिंह केसीले जिम्मेवारी पाएका छन् । पौडेल पक्षबाट काभ्रेका मधु आचार्य, काठमाडौंका राजुराज जोशी, सिन्धुलीका मोहन बराल, चितवनका रामकृष्ण घिमिरे आकांक्षी छन् ।

प्रदेश अधिवेशनले सभापतिसहित दुई उपसभापति, दुई महामन्त्री र एक महिलासहित तीन जना सहमहामन्त्री निर्वाचित गर्ने विधानमा व्यवस्था छ । महामन्त्रीमा कांग्रेस मकवानपुरका पूर्वसभापति पौडेल पक्षका माइकल रामचन्द्र अर्यालले उम्मेदवारी घोषणा गरि सकेका छन् । प्रदेश सभापतिमै उम्मेदवारी दिने तयारी गरेका अर्यालले पौडेल समूहकै सल्लाहमा महामन्त्री पदमा उम्मेदवारी दिने निर्णयमा पुगेको जनाइएको छ । अधिवेशनबाट प्रत्यक्ष निर्वाचित, समावेशी र समानुपातिक आधारमा कार्यसमिति सदस्यहरु चयन गर्नेछ । कांग्रेसको विधान अनुसार प्रदेश कार्यसमितिमा निर्वाचित सदस्यहरुबाट एक जना कोषाध्यक्षको निर्वाचन हुनेछ ।

अधिवेशनमा प्रदेशसभा निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश अधिवेशन प्रतिनिधि, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनबाट केन्द्रीय अधिवेशनका लागि निर्वाचित महाधिवेशन प्रतिनिधि, सम्बन्धित प्रदेशका केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, जिल्ला सभापति र प्रदेशका भातृ, शुभेच्छुक तथा सैसंस्थाका प्रमुखहरु प्रदेश अधिवेशनका सदस्य हुनेछन् । अधिवेशनमा करिब २ हजारको हाराहारीमा प्रतिनिधिहरु आउने अधिवेशन सचिवालय समितिका संयोजक प्रदीप कोइरालाले जानकारी दिए ।

अधिवेशनका लागि तयारी तीव्र पारिएको छ । वन विज्ञान अध्ययन संस्थान (फरेस्टी) को मैदानमा आयोजना हुने अधिवेशनका आवश्यक सम्पूर्ण तयारीलाई तीब्रताका साथ अघि बढाइएको कांग्रेस मकवानपुरका प्रवक्ता एवम् अधिवेशन सचिवालयका संयोजक कोइरालाले जानकारी दिए ।

विश्वको करिब २० वटा मुलुकमा नोबल कोरोना भाइरस (COVID–19) को तेस्रो लहरमा 'ओमिक्रोन' देखिएको छ । विशेषज्ञका अनुसार यो तीब्र गतिमा फैलने र बढी संक्रामक भएकोले यसबाट जोखिन मास्कको अनिवार्य प्रयोग, स्यानिटाइजर प्रयोग र भौतिक दुरी कायम गरौं ।

*-जनहितमा जारी*






साझाकुरा

## हाम्रो कुरा

# आश्रमलाई अत्याधिक सहयोग

हेटौंडाबाट सुरुवात गरिएको मानव सेवा आश्रम अहिले मुलुकको मुख्य सहरहरुमा फैलिसकेको छ । यो अवस्थामा आइपुग्दा अहिले आश्रमले तीनै तहको सरकारबाट बर्षेनी करोडौंको सहयोग पाइरहेको छ । आर्थिक वर्ष २०७७/ ०७८ भित्र आश्रमलाई संघीय सरकारदेखि स्थानीय तहसम्मले १४ करोड ५ लाख ७९ हजार ७ सय ४९ रुपैयाँ अनुदान दिएको छ । संघीय सरकारले मात्रै आश्रमलाई ४ करोड ९२ लाख ४५ हजार ३ सय ७० रुपैयाँ अनुदान दिएको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले १ करोड ३ लाख ७४ हजार ३ सय ७० र मन्त्रालयकै पन्जिकरणले ३ करोड ८८ लाख ९८ हजार रुपैयाँ अनुदान दिइएको छ ।

२०८२ सालभित्र घरबारविहिन, बेसहारा तथा जीवन नै जोखिममा रहेका मानवहरुरहित नेपाल निर्माण गर्ने उद्देश्य बोकेको आश्रमले देशका सातवटै प्रदेशका १७ जिल्लामा गरेर २५ वटा सेवा केन्द्र सञ्चालन गरिरहेको छ । २०६९ सालमा हेटौंडाबाट सुरु आश्रमको अभियानले सहयोगापेक्षी मानवहरुको व्यवस्थापन गर्दै आइरहेका कारण खुला आकाशमुनी रात बिताउन बाध्य सहयोगापेक्षी मानवहरुको व्यवस्थापनको आवश्यकतालाई मध्यनजर गरेर सरकार निकायबाट सहयोग प्राप्त भइरहेको दाबी गरिएको छ । आश्रमलाई प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयले गरी कुल ५ करोड ६७ लाख ३२ हजार ७ सय ४३ रुपैयाँ अनुदान दिएको जनाइएको छ । १ नम्बर प्रदेशको स्वास्थ्य निर्देशनालयले २९ लाख १५ हजार ५ सय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीले ८ लाख, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले चन्दा स्वरुप ५८ लाख ५४ हजार ५ सय ८०, मन्त्रालयले अनुदान स्वरुप ४९ लाख २५ हजार रुपैयाँ उपलब्ध गराएको आश्रमले जनाएको छ । आश्रमका अनुसार गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले २ करोड ७९ लाख २३ हजार ६ सय ४५, १ नम्बर प्रदेशको सामाजिक विकास मन्त्रालयले ६८ लाख, ५ नम्बर प्रदेशको सामाजिक विकास मन्त्रालयले ७० लाख र सुदुरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले ४ लाख २ हजार ९ सय ७ रुपैयाँ अनुदान दिएको छ । सातै प्रदेशका करिब ५० वटा स्थानीय तहले आश्रमलाई ३ करोड ४६ लाख १ हजार ६ सय ३६ रुपैयाँ अनुदान दिएको प्रस्तुत आयव्ययमा उल्लेख छ ।

आश्रमलाई सरकारी अनुदानसहित निजी संघसंस्था र व्यक्तिबाट गरी कुल २३ करोड ९६ लाख ७९ हजार ३ सय ९५ रुपैयाँ गत आर्थिक वर्ष २०७७/०७८ मा आम्दानी भएको जनाइएको छ । निजी संघ संस्था र व्यक्तिबाट ९ करोड १२ लाख ८५ हजार ७ सय २३ रुपैयाँ सहयोग उपलब्ध भएको आश्रमका सञ्चालक अधिकारीले जानकारी दिएका छन् । अनुदान बाहेकका अन्य आयबाट आश्रमलाई ७८ लाख १३ हजार ९ सय २३ रुपैयाँ आम्दानी भएको आश्रमले जनाएको छ । आश्रमले विभिन्न शिर्षकमा गत आर्थिक वर्षभित्र १२ करोड ७८ लाख ५८ हजार १ सय ७४ रुपैयाँ खर्च भएको जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर १७ गते शुक्रबार ३ डिसेम्बर २०२१ । मार्ग कृष्ण चतुर्दशी । कछ्लागा चतुर्दशी ११४१ । सूर्योदय ६:३८ र सूर्यास्त ५:०८ मा हुनेछ । बाला चतुर्दशी व्रत/शतबीज छर्ने/अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (अपाङ्गता भएको कर्मचारी मात्र) ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# के भनिरहेछन् महावीर पुन ?



-डा. कोमल फुयाल



'दाजु, यो केन्द्रमा एमफिल वा पीएचडीको अनुसन्धान गर्न आउने विद्यार्थीहरूलाई कसरी सहयोग हुन्छ ?' मैले एक दिन महावीर पुनलाई अन्तर्वार्ताको क्रममा सोधेको थिएँ । उनको कुरा प्रष्ट थियो - 'अनुसन्धान गरेर शोधपत्र लेखेरमात्र नहुँदो रहेछ । त्यसका लागि त विश्वविद्यालयका अनुसन्धान केन्द्र, विभागहरू छँदैछन् नि ! हामी त्यस्ता विद्यार्थीलाई प्राथमिकतामा राख्दैनौ । यहाँ त अनुसन्धान गर्ने, सामान उत्पादन गर्ने र बजारमा पुऱ्याउने उद्देश्य लिएको छ भने कुनै पनि युवालाई उत्पादन एकाइ र बजारीकरणको लागिसमेत हामी सहयोग गर्छौं ।'

अध्ययन गर्ने र कर्मचारीतन्त्रको चुकुल लगाएर जीवन बिताउने शैलीको स्पष्ट विरोधमा उत्रिएका छन् उनी । उनलाई लाग्दैन कतै कुनै उपाधि वा पदोन्नतिका लागि गरिने अनुसन्धानले जीवन सबल बन्छ । अनुसन्धानले जीवनका महत्वपूर्ण प्रश्नसँग जोडिनुपर्छ भन्ने उनी मान्छन् । आफ्नो प्रविधिको विकासमा उनी तल्लीन छन् । उनी जोडले भनिरहेका छन् - सेल पकाउन मेसिन चाहिन्छ । तातो तेलमा हात पऱ्यो भने पोल्छ । प्राज्ञिक अनुसन्धान थ्रीडी प्रिन्टिङ प्रविधिको प्रारूप बनाउँछ । विश्वमा भएको विकासलाई हेर्छ र जिल्ल पर्छ । देशबाहिर अनुसन्धानमा राम्रो 'स्कोप' देख्छ । जीवनबाट अझै टाढिन्छ ।

पछिल्लो पटक म राष्ट्रिय आविष्कार केन्द्रमा पुग्दा केही अन्वेषकहरू सेल पकाउँदै थिए । तातो तेलमा स्वचालित यन्त्रबाट पिठो खसालिरहेका थिए । कुनै सेल ठीक बन्थे भने कुनै डढ्थे । तर उनीहरू सफ्टवयेरबाट मेसिनको पीठो बोक्ने हिस्साको गति नियन्त्रण गरेर परीक्षणमा व्यस्त देखिन्थे । अर्को खण्डमा रकेट बनाएर राखिएको थियो । एक युवाले जानकारी गराए - 'केही दिनमा हामी यो रकेट परीक्षण गर्छौं ।' उनको आँखामा अलग किसिमको उमंग थियो । यी उत्साही युवा जीवनको समस्यालाई सहज बनाउने विधिको खोजी गरिरहेका थिए । मानिसको जीवन सहज हुने उत्तम विकल्पमाथि विचारमग्न थिए । विदेशमा श्रम बेचेर आर्जित वस्तु र सेवाको चरम उपभोग गरिरहेको समाजलाई महावीर पुनले झड्का दिइरहेका छन् । उनी समाजलाई हेसमा ल्याउने प्रयत्न गरिरहेका छन् । कहिले झड्का अलिकति लाग्छ - यसको मस्तिष्क अलिकति हल्लिन्छ । कहिलेकाहीँ झड्का हान्न खोज्दा विद्युतको मात्रा पुग्दैन । कतै पनि तरंग उठ्दैन । यद्यपि आविष्कार केन्द्रमा निरन्तर काम भइरहेछ । उनको सन्देश घाम झैं छर्लंग छ - उपभोगमा आधारित समाजले सधैं आयातमा भर पर्नुपर्छ । आफ्नो उत्पादन नहुने समाज कमजोर हुन्छ र पतनका बाटामा हुन्छ । उद्योगको विस्तारले मात्र व्यनपक उत्पादन र वितरण संभव हुन्छ । प्रविधिको विकासले मात्र हाम्रो समृद्धि सम्भव छ । हामीले आफूलाईलाई सबल बनाउने हो भने हामीलाई धान्ने उत्पादन आफैंले गर्नुपर्छ । त्यसभन्दा बढी भयो भने विश्व बजारमा बेच्ने हो ।

तयारी अवस्थामा आफ्नो प्लेटमा खसेको वस्तुको उपभोग गर्ने बानी परेको समाज यो कुरा सुन्छ, बुझ्छ, र बेवास्ता गर्छ । उसलाई लाग्छ - पुनले राम्रो कुरा गरिरहेछ तर यो कुरा असंभव छ । पुन राम्रो मानिस हो तर उसले गर्न खोजेको कुरा पूरा हुन धेरै वर्ष लाग्छ । पुन एउटा सामाजिक अभियन्ता हो तर उसले लिएको बाटो अलि असान्दर्भिक छ । वर्तमान अवस्था जटिल छ भनी पुनले बुझ्नुपर्छ । सायद, यस्तै सोच्छ उपभोक्तावाद ।

हाम्रो समाजको वर्तमान द्वन्द्वमा पुन र उपभोक्तवादी सोच दुईवटा विपरीत ध्रुव हुन् । आफ्नै मौलिक औद्योगिक उत्पादनको मोर्चाको अग्रभागमा पुन छन् । उनी उत्पादन बढाउने जुक्ति सोच्छन् । जीवनको सेवा गर्ने छोटो बाटो प्रविधिमा देख्छन् । काठमाडौंको मध्यम वर्ग उपभोक्तावादको झन्डा बोक्छ । मध्यम वर्गमा कहिले पनि मन नभरिने आनन्दको लालच छ । जसको पिँधमा पुँजीवाद बसेको छ । त्यसले नै नाफाघाटाको हिसाब गर्छ । जसले नाफा दिन्छ त्यसलाई प्रोत्साहित गर्छ । यसरी नै मध्यम वर्ग चलायमान रहेको छ । त्यही तर्कले विश्व श्रमबजारमा नेपाली युवा जनशक्तिलाई लगेर भर्ना गर्छ । तर पुन भन्छन् - जीवन सजिलो छ । अलिकति इमानदार बन्नुपर्छ । आफूले उत्पादन गरे उपभोग गर्ने हो । उत्पादन छैन भने उपलब्ध साधन र हाम्रो आवश्यकताले केही समय सम्झौता गर्नु पर्छ । आफ्ना आवश्यकतालाई सम्बोधन गर्न प्रविधि निर्माण गर्ने हो । हाम्रो प्रविधि जुन स्तरमा पुग्छ त्यस्तैलाई बिस्तारै समाजमा अनुकूलन गर्दै अगाडि बढ्ने हो ।

उनको आवाजले मौजुदा सोचलाई चुनौती दिन्छ । हेक्का राख्नुपर्ने कुरा के हो भने सबैभन्दा जटिल कार्य जीवनमा विकल्पहरू हुन्छन् भनी स्वीकार गर्नु हो । जसले चल्तीको संरचनाबाट लाभ आर्जन गर्न सकेको छैन उसले स्वाभाविक रूपमा नै वितरणमा समस्या देख्छ र न्यायको लागि आवाज उठाउँछ । तर जसले हाल कायम व्यवस्थाबाट लाभ लिइरहेका छन् उनीहरूले प्रचलनलाई नै संरक्षण गर्न खोज्छन् ।

उनीहरू राम्ररी जान्दछन् - परिवर्तनको मूल्य उनीहरूले चुकाउनुपर्छ । महावीर पुन वर्तमान जीवन शैली र सोचमाथि प्रहार हो । उनले चुनौती दिएका छन् हाम्रो चिन्तनलाई । उनी भन्छन्,- हेर, दक्षिण कोरियालाई । तिनीहरूले हिजोसम्म आफ्नो पुँजी राम्ररी निर्माण गर्न सकेका थिएनन् । तिनीहरूले विज्ञानलाई पछ्याए, अनुसन्धानलाई जीवनसँग जोडे । तिनीहरूले प्रविधि बनाए । तिनीहरू आफ्ना गाडी चढ्छन् । आफ्ना कम्प्युटर प्रयोग गर्छन् । पचाससाठी वर्षअगाडिका सामान्य पसलेहरू अहिले विश्वका भीमकाय पुँजीपति बनेर उभिएका छन् । हो, तिनीहरू हिँडेको बाटो हिँड्नुपर्छ हामी पनि । तर, कोरियाको श्रमबजारबाट राम्रो आर्जन गर्न पल्केको मध्यम वर्ग पुनको कुरो पत्याउँदैन । पुन त्यसलाई बेवास्ता गर्छन् । यो युगमा विज्ञानले मात्र संकट मोचन गर्छ भन्ने उनको अन्तर्यले भनेको छ । उनी त्यही कुरालाई पछ्याउँछन् । आफ्ना अन्वेषकहरूसँगै रमाउँछन्, उनीहरूलाई प्रोत्साहन, प्रेरणा दिन्छन् ।

मैले अन्तर्वार्ताको क्रममा उनलाई सोधेको थिएँ - 'यी अन्वेषकहरूलाई कति पैसा दिनु हुन्छ ?' उनले बताएका थिए - 'यति नै भन्ने त छैन । कसैलाई कोठा भाडा पनि दिनुपर्छ । कसैले अवस्था हेरेर अझै बढी दिनु पनि पर्छ । कसैलाई मोटरसाइकलमा तेल हालिदिए पुग्छ ।' उनले आफ्नो समूह बाँधेका छन् । युवाको विश्वास जितेका छन् । उनको काम मन पराउनेले स्वेच्छिक सहयोग गरेका छन् । खासमा उनले आफूलाई एउटा सबल माध्यमको रूपमा रूपान्तरण गरेका छन् । विज्ञान र आशाको केन्द्रमा आफूलाई स्थापित गरेका छन् । काठमाडौंले सिंगापुरबाट मगाएर उमाल्ने कफी कतै यहींको पहाडबाट ल्याएर रोस्ट गर्नु भनेर कसिनु जोखिमको कुरा हो ।

राजनीतिक नेतृत्व कमजोर भएको देशमा शृजनशील मस्तिष्कलाई प्राय: अप्ठेरो त पर्छ नै । राज्य प्रणाली नै गुटहरूको स्वार्थको कब्जामा परेको अवस्थामा अनुसन्धानको प्रश्न भनेको भिरमा फलेको फर्सी नै हुन्छ । देख्दा राम्रो तर टिप्न जादाँ जीवन नै जोखिममा पर्ने खतरा । तर, उनलाई न भिरले फरक पारेको छ न त र ाजनीतिक प्रणालीको संस्थागत असहयोगले । उनी एकोहोरो भनिरहेका छन् - हुन्छ । किन हुन्न ? विज्ञानले जीवनको प्रश्नको हल दिन्छ । जीवनलाई सहज बनाउँछ । हामीले गर्ने हो । हाम्रो आफ्नै पद्धति बनाउने हो । त्यसले नै हाम्रो आवश्यकता परिपूर्ति गर्छ । यही जोखिम उठाउन सक्ने क्षमताले नै उनले थुप्रै मानिसको मन जितेका हुन् । उनले देखाएको बाटोमा हिँड्न युवा राजी भएका छन् । मानिसहरू उनको सपनालाई सहयोग गर्न तयार छन् । यही नै त उनको ऊर्जाको स्रोत हो । उनको लगनको फल हो ।

उनको सपनाको मार्ग हो । आफूले देखेको सपना उनले समाजलाई देखाएका छन् । सामान्य जीवनबाट उठेर राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चमा आफूले उठाएको एजेन्डा स्थापित गराएका छन् । अति सामान्य तरिकाले जीवन बाँच्ने र मौजुदा सामाजिक संरचनालाई चुनौती कसरी दिने भन्ने कुरा उनले हामीलाई सिकाएका छन् । उपभोक्तावादको चंगुलबाट बच्नका लागि उनले हामीलाई हान्ने नाफाको अस्त्रले हामीले उसैलाई प्रहार गर्नुपर्छ भनिरहेका छन् । खासमा उनी भन्छन् - फराकिलो सोच । प्रविधिको विकास गर । उत्पादन बढाऊ । हामीलाई यो सुन्दा रमाइलो लाग्छ, रोमाञ्चक सपनाजस्तो । तर, मूल प्रश्न हामीतिरै सोझिन्छ - हामी तयार छौं त ? *- साभार: बाह्रखरी*

# तरलता अभावको वास्तविकता

रुद्रप्रसाद भट्टराई

विशेष गरी तासमा प्रयोग हुने शब्द हो तुरुप । कलब्रेकमा यसलाई कालो रंगको भोटेका रूपमा चिनिन्छ भने म्यारिजमा जोडा । यसलाई सामान्यीकरण गर्दा जाल भन्ने पनि अर्थ लाग्छ । सबैले यसैको धमास पिट्छन् र खेल जित्छन् । यसैको बुतोमा ठूलो पल्टिनु तासको मजा हो । तर, विकासमा तुरुपको कुरा गर्दा कुराचाहिँ ठूला गर्ने, तुरुपकै जस्तो तर काम फिट्टो नहुने । गाउँगाउँ तुरुप फाल्ने, यो गर्छु र त्यो गर्छु भन्ने, गफ गर्ने तर धरातलमा कामको प्रगति शून्य । यसले विकासमा हुँदै आएको कुरा र व्यवहारमा देखिएको झिनो मात्र प्रगतिले विकास शब्दमाथि बलात्कार भएको भन्दा फरक नपर्ला । यही कारण वर्षौंदेखिको विकासको चाहना अपूर्ण छ । विकासका राम्राराम्रा परिभाषा दिनेहरूको कमी छैन, तर काम गर्नेको संख्या अत्यन्तै कम छ । फलत: विकास टाढा हुँदै गएको छ, जनता झनै गरिब हुँदै गएका छन् ।

केवल तुरुप स्वीकार गरेर बसेका छन् जनता । यस्तै विकासका संवाहक हुन् बैंक तथा वित्तीय संस्थाहरू, उनीहरूकै सहयोगमा हामी अगाडि बढेका छौं । तर बैंकका तुरुप अर्थात् वाणिज्य बैंकहरू देशमा सानो हुरी आउँदा कोमामा पुग्छन्, पुगेको नाटक गर्छन् र दैनिक क्रियाकलापमा उत्तानो पर्छन् । अहिलेको दृश्य देखिरहेकै छौं हामी । समसामयिक मुद्दा : बैंकमा पैसा छैन, अर्थात् तरलता अभाव । यस्तो हुनुको पछाडि बैंकहरूले उत्पादकभन्दा पनि अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा भएको हो भन्ने एकथरीको टिप्पणी छ भने अर्कातिर अन्य क्षेत्रले कर्जा माग नगर्दा हामीले लगानी गरेका हौं भन्ने बैंकरको जिकिर छ । बैंक धेरै भएर पनि हो भन्नेको जमात पनि उत्तिकै छ । जे भए पनि तरलता अभाव यो पहिलो पटक भने अवश्य होइन ।

तरै पनि हामी सधैंको बेजानकार रहन्छौं र दोहोऱ्याइरहन्छौं यही परिपाटी । किनकि ओखर फल्ने स्थानमा हामी कर्जा प्रवाह गर्न सक्दैनौं, तर विलासी वस्तुको आयात, सहरमा घरजग्गा, गाडीको लागि अथाह पैसा बगाएका छौं । जसले विनाश गर्छ वा वातावरणको धेरै हिस्सामा क्षति गर्छ, त्यस्तैमा लगानी गरिरहेका छौं जुन सय प्रतिशत अनुत्पादक हो । अनि अभाव नभएर के हुन्छ ? भन्नलाई बादशाह भन्ने अनि सानो गाह्रो पर्दा लुक्ने प्रवृत्तिले यतिविघ्न तुरुप भएर पनि काम नलागेको अवस्था देखिएको छ । अर्थात् थोरैमा राम्रो (मर्जर) हुनुपर्ने अवस्थालाई यो अभाव र शैलीले थप प्रस्ट पारिदिएको छ । अहिले बजारमा तरलताको समस्या छ । अनुत्पादक क्षेत्रमा बैंकहरूको लगानी बढेको र सरकारले विकास खर्च बढाउन नसक्दा देशमा पटक-पटक दोहोरिरहने तरलता अभावका मुख्य कारकका रूपमा देखा परेका छन् । कर्जाको माग भयो भन्दैमा क्षमता नहेरी लगानी गर्दा तरलता समस्या सिर्जना हुन्छ र अहिलेको समस्या पनि यही नै हो । निक्षेपकर्ताले एकैपटक निक्षेप झिक्दा पनि तरलताको समस्या आउँछ ।

र, बैंकले धेरै निक्षेप उठाउने र कर्जा पनि धेरै प्रवाह गर्दा पनि तरलताको जोखिम बढेको हो । यो बेला न निक्षेपकर्ताको निक्षेप फिर्ता गर्न सक्छ, न कर्जा प्रवाह नै । अहिले बैंकहरूको हालत यही छ । यसबाट बच्नका लागि राष्ट्र बैंकले रिपो जारी गर्ने, ब्याजदर करिडोर, सीसीडी रेसियो, अन्तरबैंक कारोबारलगायतका नीतिगत व्यवस्था एवम् मापदण्डको प्रयोग गरेर तरलता व्यवस्थापन गर्ने गरिएको छ र पनि समस्या आइरहन्छ । वित्तीय प्रणालीमा तरलता अभाव बढ्दै गएपछि बैंक तथा वित्तीय संस्थाले फेरि नयाँ कर्जा रोकेका छन् । निरन्तर ऋणको माग बढेको तर उक्त अनुपातमा निक्षेप संकलन हुन नसक्दा कर्जा रोक्नुपर्ने अवस्था आएको बैंकरहरू बताउँछन् ।

राष्ट्र बैंकको मौद्रिक नीतिअनुसार कामकारबाही भएको पाइँदैन । उदाहरणका रूपमा शैक्षिक प्रमाणपत्रमा कर्जा, गोरेटो बाटो वा बाटो नभएको उर्बराउँदो जग्गा र उब्जाउशील माटोले न भाउ पाएको छ, न कर्जा । फितलो निरीक्षण र अनुगमनले सोझा जनताको उत्थान हुन सकेको छैन भने बैंकहरू पनि जहाँ फाइदा त्यहीं लगानी गर्न मरिहत्तेमा छन् । नतिरे पनि अनेक कागजातमै सीमित छन् बैंकहरू । किन पनि नहुन्, भोलि कागजै चाहिन्छ । यति धेरै वाणिज्य बैंक भएर के गर्नु ? नियम आएको ६ वर्षमा पनि सबै स्थानीय तहमा उनीहरूको प्रवेश पुग्न सकेको छैन । यसकारण धमास दिएर मात्र हुँदैन भन्ने कुरा उनीहरूले बुझेर पनि बुझ पचाएका छन् । यसले विकासका साझेदार उनीहरूको यो मौसमी शैली र किर्ते कागजातको बाटो अझै पछ्याइरहनुले जनताको विश्वास जित्न नसकेको प्रस्ट हुँदैन र ? देशमा उत्पादन छैन, बन्द उद्योग खुल्ने छाँट छैन । कर्जाको अभावमा किसान छट्पटाइरहेका छन् । नवउद्यमीले सहज ऋण प्राप्त गर्न सक्ने अवस्था छैन । तर सरकार रेमिट्यान्सको तुरुप फालिरहेकै छ, युवालाई श्रम स्वीकृति दिनै व्यस्त छ । यसमा सहकार्य गरिरहेका छन् बैंकहरू । यो तीतो सत्य हो । कति रोजगारी थपियो, कहिल्यै चर्चा छैन, नयाँ उद्योग खोलेर यतिलाई रोजगारी दिइयो, अहँ कहिल्यै प्राथमिकतामा परेन । कतिलाई सीप दिएर रोजगारी दिइयो, कति युवा शक्तिलाई गाउँमै रहने वातावरण बनाइयो ? यो कहिल्यै प्राथमिकतामा परेन । खाली युवा श्रमशक्ति खाडीमा बेच्न पठाइँदै छ । कहिल्यै यसमा कम गर्ने रणनीति ल्याइएको छैन ।

जनता सबैलाई तुरुप फालिएको छ गलत शैलीमा । यो पाराले देश बन्दै छ कि धकेलिँदै छ ? यसको उत्तर खोज्ने बेला आएन र ? कि अझै ठूला ठूला कुरा गर्ने ? तर, राष्ट्र बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनर्कर्जा २०७८ असोज मसान्तमा रु. १ सय १९ अर्ब ३५ करोड लगानीमा रहेको देखिएको छ । आखिर कसले यो कर्जा पाएका छन् ? खोजी गर्ने होइन ? हुँदाहुँदा ससाना बच्चाहरू अहिलेदेखि विदेशको कुरा र काम गर्न बाध्य बनेका छन् । हामीले सिकाउने र गर्ने यही हो ? आर्थिक वर्ष २०७८/०७९ को तीन महिनामा कुल वस्तु आयात ६३.७ प्रतिशतले वृद्धि भई रु.४७८ अर्ब ५२ करोड पुगेको छ । आर्थिक वर्ष २०७८/०७९ को तीन महिनामा कुल वस्तु व्यापार घाटा ५८.३ प्रतिशतले वृद्धि भई रु. ४ सय १३ अर्ब ४७ करोड पुगेको छ ।

विप्रेषण आप्रवाह ७.६ प्रतिशतले कमी आई रु. २ सय ३९ अर्ब ३२ करोड कायम भएको छ, तर वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा उल्लेख्य रूपमा वृद्धि भई ३४ हजार ८ सय २३ पुगेको छ । यो अवस्थामा अब पनि कानमा तेल हालेर बस्ने कि सत्य बाटोतर्फ लम्कने ? सधैं अर्कले दिन्छ र खाउँला भन्ने कि आत्मनिर्भरताको बाटो रोज्ने ? समय आउँछ पर्खदैन, तर नेपालमा पर्ख्यो र पनि हामीले पर्खेको समय पनि चिन्न सकेका छैनौं, त्यो पनि हरेक क्षेत्रमा । सरकार सुत्यो, फलस्वरूप गलत नियत भएकाले फाइदा लुटिरहे, सरकार मूकदर्शक बनिदियो । किनकि भाइरसले आक्रान्त रहेको देशका कमाउनेको बढी चर्चा भयो, मर्नेको रुवावासी हेरिरहियो । जीवन नाफा र घाटामा चलिरह्यो, ज्यान ढलिरहे । जनताको गाँससँग व्यापार गरिरहियो । छर्लङ्गै छैन र ? यसकारण हाम्रो अर्थतन्त्र केमा आधारित छ, त्यो राम्ररी मनन् गर्नुपऱ्यो । देशको अर्थतन्त्र पूरै रेमिट्यान्समा आधारित छ । तर रेमिट्यान्सको आम्दानीबाट आएको रकम हामी चालू खर्चसमेत धान्न सक्ने अवस्थामा छैनौं । भएको कृषिको हाल दैनिक पतला छ, सुधारका संकेतसम्म देखिएका छैनन् । यस्तो समस्याको दीर्घकालीन समाधानका लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनैपर्छ । विलाशीलताका चिजमा एकपटक लगानी गरेपछि सकिन्छ तर जलविद्युत्, कृषि, पर्यटन, उद्योगजस्तामा गरिएको लगानीबाट आम्दानी भइरहन्छ, जसले नगद प्रवाह बढाउँछ र वित्तीय प्रणालीमा तरलता सन्तुलन कामय रहन्छ । साथै विकास खर्च पनि समयमा नै सन्तुलित तवरले गर्दै जानुपर्छ ।

राज्यसँग भएको पैसा खर्च गर्दै जाँदा नगद प्रवाह बढ्न गई तरलता समस्या कम हुन्छ । तर, सरकार नै कहाँ बढी ब्याज आउँछ भन्दै हिँड्नाले बैंकको अवस्था पनि असन्तुलित छ । उनीहरू दुक्की दाउका चिजमा लगानी गर्न उद्यत छन् भने जनता सेवा नपाएर मरीमरी व्यवहार टार्न बाध्य छन् । यसको कारक नै बैंकहरू हुन् भन्दा फरक पर्ला र ! नस्विकार्न पाइन्छ, तर धरातल यही हो । नेपाल राष्ट्र बैंकको पछिल्लो चुक्ता पुँजीको हद वृद्धि र वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ ।

'बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने-गाभिनेसम्बन्धी विनियमावली, २०६८' कार्यान्वयनमा आएपछि २०७८ असोज मसान्तसम्म कुल २ सय ३१ बैंक तथा वित्तीय संस्थाहरू मर्जर-प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १ सय ७२ संस्थाहरूको इजाजत खारेज हुन गई ५९ संस्था कायम भएका छन् । अहिले देशमा वाणिज्य बैंकको संख्या २७, विकास बैंक १८, वित्त कम्पनी १७, लघुवित्त वित्तीय संस्था ६९ र पूर्वाधार विकास बैंक १ गरी १ सय ३२ बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् ।

तर पनि सम्पूर्ण स्थानीय तहमा वाणिज्य बैंक पुग्न सकेका छैनन् । साँच्चै भन्ने हो भने यतिविघ्न संस्था हामीलाई चाहिएकै छैन, अझै बिग मर्जरको आवश्यकता छ । यदि सबै मिलाएर थोरै बनाउने हो भने अनेकन् समस्या हामीले भोग्नै पर्दैन र आगमन नै हुँदैन । जति बढी संस्था त्यति नै बढी खर्च, साथै सधैंको अभाव । *- कारोबारडेली*

# ढुक्कसँग लगानी गर्नुस्, सम्पत्तिको सुरक्षा हुन्छ : प्रधानमन्त्री देउवा



काठमाडौँ (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा लगानीको वातावरण सहज तुल्याउन र व्यवसायको लागत घटाउन सरकारले कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) स्थापनाको रजत जयन्ती तथा सेजन अवार्ड वितरण समारोहमा उनले स्वदेशी तथा विदेशी लगानीकर्तालाई ढुक्क भएर नेपालमा लगानी गर्न आग्रह गरे । प्रधानमन्त्री देउवाले भने, "नेपालमा तपाईंको लगानी र सम्पत्तिको सुरक्षा हुन्छ, त्यसको ग्यारेन्टी सरकारले लिन्छ भन्नेमा म विश्वास दिलाउन चाहन्छु ।"

खुला बजारमुखी अर्थ नीतिका कारण हासिल भएका उपलब्धि र यसमा देखिएका कमी कम्जोरीको विश्लेषण गरी समृद्धिको बाटो तय गर्नु हाम्रो प्राथमिकता रहेको बताउँदै उनले कोभिड-१९ को महामारी नसकिए पनि क्रमश: सामान्य अवस्थातिर आउँदै गरेको परिस्थितिमा आर्थिक पुनरुत्थानलाई अब तीव्रताका साथ अघि बढाइने छ भने ।

प्रधानमन्त्री देउवाले भने, "मुलुकमा अब बृहतरुपको दोस्रो चरणको आर्थिक सुधार आवश्यक छ, विगत दुई वर्ष मुलुकको अर्थतन्त्रले निकै अप्ठ्यारो परिस्थिति सामना गर्नु पर्‍यो, अहिले हामी थेरै अँध्यारोमा हौँला तर उज्यालोले हामीलाई पर्खिरहनेछ ।"

अर्थमन्त्री जनार्दन शर्माले पूर्वाधार विकास निर्माणमा राज्य संयन्त्रको काम गर्ने ढाँचा र सार्वजनिक खरिद ऐनलगायत कानुनलाई विकासमैत्री बनाउन आवश्यक रहेको बताए । उनले भने, "नेपालको अर्थतन्त्रमा थुप्रै चुनौती छन्, कोभिड-१९ ले विश्वकै अर्थतन्त्रलाई पनि निकै प्रभाव पारेको छ, यस्तो अवस्थामा हामीले पूँजीगत खर्च बढाउने, विकासमा नयाँ प्रविधिको प्रयोग गर्ने र ऐन कानुनलाई समयानुकूल तुल्याउन आवश्यक छ ।"

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले मुलुकमा विकासलाई तीव्रता दिन सार्वजनिक खरिद ऐन र योजना छनोट प्रक्रियालाई पारदर्शी तुल्याउन अत्यन्त आवश्यक रहेको बताए । उनले भने, "विकास निर्माणमा कायम रहेको लाइसेन्सराजको सम्पूर्ण हिसाबले अन्त्य हुनुपर्छ, विकासका योजनालाई कसरी बढाउने भन्ने स्पष्ट खाका आवश्यक छ, आयोजना कार्यान्वयन हुन नसकेर बजेट रकमान्तरण हुने परिस्थिति रोकिनुपर्छ ।" उद्योगपति एवं सांसद विनोद चौधरीले राज्यका नियमनकारी संस्थालाई चुस्त तुल्याउँदै अर्थतन्त्रको दायरालाई फराकिलो बनाउन सरकारलाई सुझाव दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले मुलुकको अर्थतन्त्रलाई सुदृढ तुल्याउन महासंघले तयार गरेको योजनालाई अघि बढाउन आवश्यक रहेको धारणा व्यक्त गरे । नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवालले मुलुकमा उद्योग र रोजगारी सिर्जना गर्न सरकार र निजी क्षेत्रबीच छलफल, समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिए । नेपाल चेम्बर्स अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले विचौलिया र तरलतासम्बन्धी समस्या सम्बोधन गर्न सरकारलाई सुझाव दिए ।

अर्थ विश्लेषक अच्युत वाग्लेले मुलुकको अर्थतन्त्र र राजनीतिबीचको कडी भत्किएको, व्यापार घाटाको सन्तुलन फराकिलो रहेका बेला संघीयताले स्थायित्व प्राप्त नगरी समृद्धि हुन्न भन्ने पाटोमा विचार पुर्‍याएर नीति तथा कार्यक्रम र बजेट व्यवस्थापन गर्न सुझाव दिए । सो अवसरमा सेजनका अध्यक्ष जनार्दन बराल, पूर्वाध्यक्षहरू किरण नेपाल, प्रदीप चापागाईं, गोपाल तिवारी, गोकर्ण अवस्थी, पुष्पराज आचार्य र भीम गौतमले आर्थिक पत्रकारितको गुणस्तर र क्षमता बढाउने सन्दर्भमा संस्थाले गर्दै आएका गतिविधि र योगदानको जानकारी दिए ।

समारोहमा राजीव उपाध्याय र प्राडा अच्युत वाग्लेलाई सम्मान गरिनाका साथै हिमाल खबर पत्रिकाका रमेशकुमार न्यौपाने, अन्नपूर्ण पोष्ट दैनिकका सुनिता कार्कीलाई जनही ५०/५० हजार राशिको सेजन अवार्ड प्रदान गरियो ।

कार्यक्रममा सेजनका पूर्वपदाधिकारी सञ्जय न्यौपाने स्मृति फेलोसिप कारोबार दैनिकका सरस्वती ढकाल र नागरिक दैनिकका हिमाल लम्साललाई प्रदान गरियो ।

# वैदेशिक व्यापार ६५ प्रतिशतले वृद्धि

काठमाडौँ (रासस)/ चालु आर्थिक वर्षको पहिलो चार महिनामा मुलुकको वैदेशिक व्यापार ६५ दशमलव ४५ प्रतिशतले वृद्धि भएको छ ।

गत आवको सुरुको चौमासिकमा चार खर्ब ४२ अर्ब ६९ करोड दुई लाख ४२ हजार रहेको मुलुकको वैदेशिक व्यापार चालु आवको सो अवधिमा सात खर्ब ३२ अर्ब ४१ करोड ८६ लाख आठ हजार पुगेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कानुसार गत आवका तुलनामा आयात ६१ दशमलव ५७ प्रतिशतले बढेको छ । गत आवको पहिलो चार महिनामा चार खर्ब दुई अर्ब ४९ करोड एक लाख ७८ हजार मूल्य बराबरको आयात भएकामा चालु आवको कात्तिक मसान्तसम्म छ खर्ब ५० अर्ब २९ करोड ४३ लाख १३ हजार पुगेको छ ।

त्यस्तै गत आवको पहिलो चौमासिकका तुलनामा चालु आवको निर्यात १०४ दशमलव २९ प्रतिशतले बढेको छ । गत आवको पहिलो चौमासिकमा ४० अर्ब दुई करोड ६४ हजारको निर्यात भएकामा चालु आवको समीक्षा अवधिमा ८२ अर्ब १२ करोड ४२ लाख ९५ हजारको निर्यात भएको छ । विभागका अनुसार चालु आवको कात्तिकसम्म व्यापार वृद्धि भए पनि मुलुकको व्यापार घाटा ५६ दशमलव ८३ प्रतिशतले बढेर पाँच खर्ब ६८ अर्ब १७ करोड १८ हजार पुगेको छ । गत आवको पहिलो चार महिनामा व्यापार घाटा तीन खर्ब ६२ अर्ब २९ करोड एक लाख १३ हजार थियो ।

गत आवको पहिलो चौमासिकसम्म कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ९२ प्रतिशत रहेकामा यस्तो हिस्सा दुई दशमलव ३४ प्रतिशतले घटेर चालु आवमा ८८ दशमलव ७९ प्रतिशतमा आएको छ । त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २३ दशमलव ४८ प्रतिशतले बढेको छ । गत आवको कात्तिक मसान्तसम्म वैदेशिक व्यापारमा निर्यातको हिस्सा नौ दशमलव ०८ रहेकामा चालु आवमा ११ दशमलव २१ प्रतिशत पुगेको छ ।

चार महिनाका अवधिमा नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको विभागले जनाएको छ । चालु आवको पहिलो चार महिनामा ३४ अर्ब ३३ करोड २१ लाख ९७ हजार बराबरको डिजेल आयात भएको देखिन्छ । त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ । नेपालमा व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुन:निर्यात गर्दै आएका छन् । चालु आवको पहिलो चार महिनामा करिब १७ करोड लिटरभन्दा बढी भटमासको तेल २७ अर्ब २२ करोड ७१ लाख ९५ हजार मूल्य बराबरको आयात भएको छ । त्यस्तै टेलिफोन २० अर्ब ३५ करोड ८६ लाख १६ हजार, पाम आयल १९ अर्ब १७ करोड ५७ लाख २८ हजार र पेट्रोल १८ अर्ब ६६ करोड ६५ लाख ९४ हजारको आयात भएको विभागले जनाएको छ । नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ ।

विभागले सार्वजनिक गरेको पछिल्लो तथ्यांकानुसार स्वदेशबाट २६ अर्ब ४० करोड ११ लाख एक हजार मूल्य बराबरको भटमासको तेल निर्यात भएको छ । व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर भारतमा निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलले योगदान गरेको देखिन्छ । सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि हो । सार्वजनिक विवरणानुसार चालु आवको पहिलो चार महिनामा १९ अर्ब दुई करोड ३० लाख ९० हजार मूल्य बराबरको पाम तेल निर्यात भएको छ । तीन अर्ब ९३ लाख १७ हजार बराबरको गलैंचा तथा दुई अर्ब ३१ करोड ५५ लाख ७८ हजार मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ ।

विभागको विवरणानुसार सबैभन्दा धेरै वीरगन्ज नाकाबाट दुई खर्ब २३ अर्ब ९० करोड ५० लाख ७४ हजार मूल्य बराबरको आयात तथा भैरहवा नाकाबाट एक खर्ब छ अर्ब ४८ करोड ८३ लाख ३० हजार र त्रिभुवन विमानस्थल नाकाबाट ८१ अर्ब ७० करोड ९१ लाख ५६ हजार बराबरको वस्तु आयात भएको छ ।

त्यस्तै नेपालले निर्यातमा वीरगन्ज भन्सारबाट ३९ अर्ब ५६ करोड ३४ लाख ५० हजार, विराटनगर भन्सारबाट २२ अर्ब ५१ करोड ४७ लाख ५२ हजार तथा त्रिभुवन विमानस्थल नाकाबाट ११ अर्ब ७५ करोड ४१ लाख ३५ हजार बराबरको वस्तु विदेश निर्यात गरेको छ ।

# नेपाल लेखा परीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयनमा

काठमाडौँ (रासस)/ महालेखा परीक्षकको कार्यालयले सार्वजनिक निकायको अन्तिम लेखा परीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पन्न गर्न नेपाल लेखा परीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) कार्यान्वयनमा ल्याएको छ ।

अब लेखा परीक्षण, योजना, प्रतिवेदन, सम्परीक्षणलगायत सम्पूर्ण कार्य सो प्रणालीका माध्यमबाट हुने कार्यालयले जनाएको छ । उक्त प्रणाली बुधबारनै कार्यान्वयनमा आएको छ । अब सार्वजनिक निकायले आन्तरिक लेखा परीक्षण प्रतिवेदन सोही प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ । ६ हजारभन्दा बढी सार्वजनिक निकायले सोही प्रणालीमार्फत लेखा परीक्षण गराउनुपर्नेछ । न्याम्सको कार्यान्वयनसँगै सार्वजनिक निकायको प्रभावकारिता वृद्धि हुने, बेरुजु न्यूनीकरणमा सहयोग पुग्ने तथा स्वविवेकीय कार्यशैलीलाई निरुत्साहित गर्न सघाउ पुग्ने कार्यालयले जनाएको छ । कार्यालयले सो प्रणालीको सम्बन्धमा आज महालेखा परीक्षक टंकमणि शर्मा र मुख्यसचिवको उपस्थितिमा विभिन्न मन्त्रालय तथा आयोगका सचिव तथा लेखा उत्तरदायी अधिकृतसँग छलफल गरेको छ ।

सो अवसरमा महालेखा परीक्षक शर्माले अब सार्वजनिक निकायको लेखा परीक्षणको काम अनलाइन माध्यमबाट हुने बताए । "अब 'म्यानुअल' लेखा परीक्षण हुँदैन, लेखा परीक्षणलाई 'फेसलेस' र 'पेपरलेस' बनाइएको छ", उनले भने । उपमहालेखा नियन्त्रक रामुप्रसाद डोटेलले कार्यालयको सूचना प्रविधिको प्रयोग गरेर लेखा परीक्षण गर्ने रणनीतिक योजना (२०२१-२०२५) को लक्ष्य हासिल गर्न सो प्रणाली तयार गरिएको बताए । उनले उक्त प्रणालीले बेरुजु घटाउने तथा लेखा परीक्षण लागत न्यूनीकरण गर्ने बताए ।

छलफलमा सहभागी नेपाल सरकारका सचिवहरूले सार्वजनिक निकायको लेखा परीक्षणलाई व्यवस्थित बनाउन ल्याएको उक्त प्रणालीको कार्यान्वयनमा ऐक्यबद्धता जनाएका थिए । उनीहरूले सूचना प्रविधिमैत्री जनशक्ति तयार गर्न, सम्पूर्ण सार्वजनिक निकायका प्रमुख तथा लेखा शाखाका जनशक्तिलाई प्रणालीका बारेमा अभिमुखीकरण गराउन, प्रणालीको सुरक्षा तथा पूर्वाधार विकासमा ध्यान दिन आग्रह गरेका थिए । सो प्रणालीलाई सार्वजनिक निकायमा प्रयोगमा रहेको अन्य सफ्टवेरसँग पनि आबद्ध गर्न सकिनेछ । प्रणालीलाई व्यवस्थित गर्न कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन), निर्देशिका, २०७८ समेत जारी गरिसकेको छ । प्रणालीलाई थप परिमार्जन गर्न लेखा परीक्षक र सूचना प्रविधिविज्ञ सम्मिलित व्यवस्थापन इकाइ पनि बनाइएको कार्यालयले जनाएको छ । कार्यालयले उक्त प्रणालीबारे सैद्धान्तिक र प्रयोगात्मक जानकारी दिन यसअघि नै कर्मचारीका लागि तालिमसमेत आयोजना गरेको थियो ।


# साइबर ब्यूरो स्थापना गर्न सहयोग

काठमाडौँ (रासस)/ गणतन्त्र कोरियाले साइबर ब्यूरो स्थापना गर्न ८० करोड भन्दाबढी आर्थिक सहयोग उपलब्ध गराउने भएको छ । सहयोगसम्बन्धी सम्झौतामा बुधबार राजधानीमा आयोजित एक कार्यक्रममा गृह सचिव टेकनारायण पाण्डे र यहाँस्थित कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) का देशीय निर्देशक सुनहुन कोले हस्ताक्षर गरे ।

उक्त रकम नेपाल प्रहरीको क्षमता अभिवृद्धि, साइबर अपराध विरुद्ध उनीहरूको सशक्तीकरण, साइबर ब्यूरोको अत्याधुनिक भवन निर्माण, साइबर अपराध अनुसन्धान र डिजिटल उपकरण, विधिविज्ञान प्रयोगशाला निर्माणमा उपयोग गरिने गृह मन्त्रालयले जनाएको छ ।

कोइकाले नेपाल प्रहरीसँगको सहकार्य र समन्वयमा उक्त परियोजना आगामी छ वर्षभित्रमा पूरा गर्नेछ । कोरिया सरकारले सन् २०४७ देखि स्वास्थ्य, व्यावसायिक तालिम, ग्रामीण विकास र सूचना प्रविधिका विभिन्न क्षेत्रमा कोइकामार्फत नेपाल सरकारलाई सहयोग गर्दै आएको छ ।

# एमाले एकजुट भएको सन्देश गयो : उपाध्यक्ष नेम्वाङ



चितवन (रासस)/ नेकपा (एमाले)का नवनिर्वाचित उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ्ले १० औँ राष्ट्रिय महाधिवेशनले नेकपा (एमाले) एक जुट भएको सन्देश गएको बताएका छन् ।

बुधबार पत्रकारसँग कुराकानी गर्दै उनले महाधिवेशन सफल भएको उल्लेख गर्दै एमाले कम्युनिष्ट आन्दोलनको मूलधारका रूपमा स्थापित बन्ने बताए । उनले भने, "यो महाधिवेशनबाट पार्टी एक ढिक्का भएको छ, एक जुट भएका छौँ ।" महाधिवेशनले एउटा सन्देश पनि दिनसकेको जनाउँदै उनले एमाले नै कम्युनिष्ट आन्दोलनको मूलधार हो भन्ने प्रमाणित भएको बताए ।

निरंकुशताविरुद्धको लोकतान्त्रिक आन्दोलनको यो नै मूलधार हो भन्ने सन्देश दिन महाधिवेशनले सकेको उनको भनाइ थियो । एमालेलाई जनताको उत्तिकै समर्थन रहेछ भन्ने कुरा यो महाधिवेशनबाट स्थापित भएको उल्लेख गर्दै उनले यसैका आधारमा अघि बढ्ने बताए । उनले भने, "सन्तुष्टि सयमा सय कहिल्यौं हुँदैन, तर समग्रमा म सन्तुष्ट छु ।" विधान महाधिवेशनका सन्दर्भमा पनि यिनीहरूले के गर्छन् ? सक्छन् की सक्दैनन् भन्ने प्रश्न उठेको भन्दै उनले हामीले सफल बनाएर देखाएको उल्लेख गरे । उनले भने, "हाम्रो राष्ट्रिय महाधिवेशनबाट पूरै फुट्छन्, विभाजनमा जान्छन् भन्ने थियो, तर अहिले सफलता पूर्वक सम्पन्न भयो ।"

निर्वाचनमा भाग लिएका साथीलाई अन्यथा सोच्ने भन्ने कुरा हुँदैन भन्दै नेम्वाङले यसलाई स्वभाविक रूपमा लिइने बताए । पराजित भएकालाई सम्मानका साथ समेटेर सहभागी गराएर अघि बढ्ने उनको भनाइ थियो ।

# व्यवस्थित बन्दै विमानस्थल




काठमाडौँ (रासस)/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनदेखि गोल्डेन गेटसम नि:शुल्क सटल बससेवा सुरु गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले वैदेशिक रोजगारमा जाने श्रमिकका लागि अन्तर्राष्ट्रिय टर्मिनल भवनभित्र विश्रामकक्षको समेत व्यवस्था गरेको छ ।

सटल बस र विश्रामकक्षको संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री प्रेमबहादुर आलेले बुधबार शुभारम्भ गरे । टर्मिनल भवनदेखि नै ट्याक्सी प्रयोग गर्दा महँगो भाडा तिर्नुपर्ने यात्रुको गुनासोलाई मध्येनजर गर्दै प्राधिकरणले गोल्डेन गेटसम्म तत्कालका लागि तीन वटा नि:शुल्क सटल बसको व्यवस्था गरेको हो ।

सो सटल बस बिहान ६ बजेदेखि राति ११ बजेसम्म सञ्चालन हुनेछन् । त्यसैगरी वैदेशिक रोजगारीमा जाने यात्रु टर्मिनल भवन बाहिरै उभिनुपर्ने समस्या देखिएपछि ४० यात्रु बस्न मिल्ने विश्रामकक्षको व्यवस्था गरिएको छ । सोही अवसरमा मन्त्री आलेले अन्तरिक टर्मिनलमा देखिएको यातायातको समस्याको दीर्घकालीन समाधानका लागि सरकारले सटल बसको व्यवस्था गरिएको जानकारी दिए । उनले भने, "आन्तरिक टर्मिनल भवनदेखि नै ट्याक्सी प्रयोग दर्गा हवाई जहाजभन्दा बढी भाडा लिने गरेको पाइयो, त्यसको दीर्घकालीन समाधानका निम्ति सटल बसको व्यवस्था गरिएको छ, विमानस्थललाई अझै व्यवस्थित र सुविधा सम्पन्न बनाउन मेरो प्रयास जारी छ ।"

उनले आफू सरकारमा रहुनञ्जेल आफ्नो मन्त्रालयसँग सम्बन्धित क्षेत्रमा देखिएका विकृतिलाई हटाउँदै जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे । प्राधिकरणका महानिर्देशक राजकुमार क्षेत्रीले वैदेशिक रोजगारीमा जाने र उताबाट फर्किने यात्रुका लागि छिट्टै नि:शुल्क टेलिफोन सेवाको व्यवस्था गर्ने तयारी भइरहेको जानकारी दिए । प्राधिकरणले वैदेशिक रोजगारीमा जाने यात्रुका लागि एक हजार २०० मा पिसिआर परीक्षण गर्न सकिने व्यवस्था गरेको उनको भनाइ छ ।

विमानस्थल सञ्चालन विभाग प्रमुख प्रेमनाथ ठाकुरले विश्राम कक्षलाई अझै व्यवस्थित गर्दै नयाँ भवनमा थप २५० जना बस्न मिल्ने यात्रु विश्रामकक्षको व्यवस्था गर्ने बताए ।

*यू-१९ राष्ट्रिय क्रिकेट*

# सुदूरपश्चिमको तेस्रो जित, दोस्रो स्थानमा उक्लियो

बैतडी (रासस)/ वाइवाइ १९ वर्ष मुनिको राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशले तेस्रो जित दर्ता गरेको छ ।

बुधबार सम्पन्न खेलमा सुदूरपश्चिमले प्रदेश १ लाई ६ विकेटले हराउँदै तेस्रो जित दर्ता गरेको हो । यसअघि सुदूरपश्चिमले गण्डकी प्रदेशलाई ४ र कर्णालीलाई १० विकेटले पराजित गरेको थियो । तेस्रो जित निकालेको सुदूरपश्चिम ६ अंकका साथ अंकतालिकाको दोस्रो स्थानमा समेत उक्लिएको छ ।

आठ अंकका साथ पहिलो स्थानमा लुम्बिनी प्रदेश रहेको छ । बुधबार प्रदेश १ ले दिएको ९१ रनको झिनो लक्ष्य सुदूरपश्चिमले ४ विकेटको क्षतिमा ३१ ओभरमा पूरा गर्‍यो । सुदूरपश्चिमका लागि अर्जुन साउद र वसन्त कार्कीले अर्धशतकीय साझेदारी गर्दै टोलीलाई जित दिलाएका हुन् । २३ रनमा ४ विकेट गुमाएर धर्मराएको सुदूरको पारी सम्हाल्दै अर्जुन र वसन्तले पाचौं विकेटका लागि ७१ रनको साझेदारी गर्दै जित हासिल गरे । जसमा वसन्तले ३७ र अर्जुनले ३२ रन जोडे ।

# कांग्रेस चितवनको अधिवेशन अन्योलमा




चितवन (रासस)/ नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत चितवन जिल्लाको अधिवेशन अन्योलमा परेको छ । नेपाली कांग्रेस चितवनका निर्वाचन अधिकृत कमलमोहन पोखेलले राजीनामा दिएसँगै अधिवेशन अन्योलमा परेको हो ।

कांग्रेस चितवनको अधिवेशन सम्पन्न गर्ने जिम्मेवारी पाएका पोखेलले निर्वाचन अधिकृतबाट राजीनामा दिएसँगै निर्वाचन कहिले हुने टुङ्गो लाग्न सकेको छैन । पोखेलले स्वास्थ्य अवस्था प्रतिकूल रहेको भन्दै केन्द्रिय निर्वाचन समितिलाई राजीनामापत्र बुझाएका छन् । कांग्रेसको वडा, पालिका, प्रदेशसभा, प्रतिनिधिसभा क्षेत्रको निर्वाचन सम्पन्न भइसकेको अवस्थामा पोखेलले राजिनामा दिएसँगै जिल्लाको अधिवेशनमा अन्योलता छाएको हो । राजीनामा गर्नुअघि निर्वाचन समितिले बुधबार मनोनयन दर्ता र १९ गते मतदान गर्न केन्द्रिय निर्वाचन समितिलाई सिफारिस गरेको थियो ।

कार्यतालिका अनुसार कामअघि बढ्नुपर्ने समयमा निर्वाचन अधिकृतको राजीनामाले अन्योल छाएको नेपाली कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठले बताए । एक विज्ञप्ति जारी गर्दै उनले अचानक निर्वाचन अधिकृत पोखेलको राजीनामा आउनुले अचम्मित् र गम्भीर बनाएको बताए ।

# 'एक बार एक सेवा'

भादगाउँ (रासस)/ भक्तपुरका गरिब, असहाय, अनाथ तथा विपन्नहरूलाई लक्षित गर्दै यस वर्षको अन्तसम्म विभिन्न रोगको नि:शुल्क उपचार गरिने भएको छ । मध्यपुर थिमि-३, कौशल्टारस्थित भक्तपुर इन्टरनेसनल अस्पतालले विशेषज्ञ चिकित्सकबाट नि:शुल्क सेवा सुरु गर्ने भएको छ ।

गरिब, असहाय, अनाथ तथा विपन्न वर्गलाई लक्षित गर्दै विभिन्न रोगको विशेषज्ञ चिकित्सकद्वारा सेवा दिने भएको हो । अस्पतालले यही मंसिर १५ गतेदेखि 'एक बार एक सेवा' दिने लक्ष्यका साथ सात दिन सात रोगको उपचार सेवा नि:शुल्क प्रदान गर्न लागेको अस्पतालका अध्यक्ष ज्ञानकृष्ण श्रेष्ठले जानकारी दिए । अस्पतालले प्रत्येक आइतबार हाडजोर्नी तथा नसारोग, सोमबार सर्जरी र न्युरो, मङ्गलबार जनरल फिजिसिएन र स्त्रीरोग, बुधबार बालबालिकाका लागि बालरोग, हाडजोर्नी तथा नसारोग र न्युरो रोग, बिहीबार नाक, कान तथा घाँटी र न्यूरो, शुक्रबार मुटु रोग, एवम् शनिबार मधुमेह रोगका सम्पूर्ण उपचार नि:शुल्क गर्ने भएको छ ।

अस्पतालले उपचारमा सबैको पहुँच पुर्‍याउने ध्येयले विशेषज्ञ चिकित्सकहरूबाट सेवा प्रदान गर्न लागेको अस्पतालका मेडिकल डाइरेक्टर रामकृष्ण श्रेष्ठले जानकारी दिए ।

## कागजाच हराएको सूचना

मेरो निम्न व्यहोराको लाइसेन्स, जाचपास, रुटपरमिट २०७८ मंसिर १४ गते हेटौंडा बजारमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम**: रिकेश बिश्वकर्मा
**ठेगाना**: हेटौंडा-९,
**लाइसेन्स नम्बर**: ०३-०६-००२७९३३०
**फोन**: ९८११११०२१, ९८६७८०९७६०, ९८४३८९५२२१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एसपी गुरूङले सार्वजनिक गरे १७ बुँदे योजना

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले आफ्नो १७ बुँदे प्राथमिकताका योजनाहरु सार्वजनिक गरेका छन् ।




जिल्लामा सुरक्षा क्षेत्रमा काम गर्नका लागि उनले आफ्नो कार्यकालमा काम गर्ने योजनाको १७ बुँदे प्राथमिकता बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका हुन् । प्रहरी प्रमुख भएर मकवानपुर रहँदा लागूऔषध नियन्त्रण, जिल्लाको शान्ति सुरक्षा, घरेलु मदिरा नष्ट, यौन व्यवसाय नियन्त्रण कोरोना भाइरस नियन्त्रणको प्रभावकारी व्यवस्थालगायत १७ बुँदे प्राथमिकतामा रहेर काम गर्ने उनले बताए ।

जिल्लामा शान्ति सुरक्षालाई बलियो बनाउनका लागि आफ्नो १७ बुँदे कामलाई प्राथमिकतामा राख्न जरुरी देखिएको उनको भनाइ थियो । गुरुङको प्राथमिकतामा जिल्लामा घरेलु मदिरा, यौन व्यवसाय, जुवातास, चौरी लुटपाट र कालोबजार नियन्त्रणदेखि प्रकृति स्रोतको दोहन गर्ने माथि निर्मम प्रहार गर्ने समेटिएको छ । प्रकृति स्रोतको दोहन भईरहेको जानकारी पाएको अवस्थामा आवश्यक तुरुन्त कारबाही प्रकिया अगाडी बढाएर नियन्त्रणमा लिने बताए ।

उनले हरेक नागरिकलाई छिटो, छरितो, सरल, समान र नागरिकमुखी सेवा प्रवाहमा जोड दिइने बताए । उनले जिल्लामा लागूऔषध दुव्यसनी तथा ओसार पसार तथा कारोबारको समस्या रहेको बताउँदै नियन्त्रण र न्यूनीकरणको लागि आवश्यक कार्ययोजना तयार गरेर काम गरिने धारणा राखे । आफ्नो कार्यकालमा अदालतको फैसला कार्यवन्यन तथा फरार प्रतिवादी पक्राउमा जोड दिइने उनको योजनामा उल्लेख छ ।

एसपी गुरुङले सवारी दुर्घटना न्यूनीकरण तथा ट्राफिक व्वस्थापनसँगै जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिने, जिल्लामा घरेलु हिंसा,लैङ्गिक हिंसा, महिला, बालबालिका, जेष्ठ नागरिक तथा असक्त व्यक्तिमाथि हुने अपराधमा कानूनी कठोरता र पीडित मैत्री वातावरणको सिर्जना गर्ने, सामाजिक अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कार्यान्वयनमा जोड दिने बताए ।

# नारायणी यातायातद्वारा एसपी गुरुङको स्वागत



साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरमा सरुवा भइ आए प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङलाई पुरानो नारायणी यातायात कम्पनी प्रालिले एक कार्यक्रमबीच स्वागत गरेको छ ।

कम्पनीका अध्यक्ष हिरालाल श्रेष्ठको सभापतित्वमा भएको स्वागत कार्यक्रमको संचालन कम्पनीका प्रबन्ध निर्देशक सरोजकुमार खनालले गरेका थिए । कार्यक्रममा तत्कालीन नारायणी यातायात व्यवसायी संघका निवर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाईंले मन्तव्य गरेका थिए ।

यातायात क्षेत्रका संघ संस्थाहरु कम्पनीमा रुपान्तरण भए पश्चात यातायात क्षेत्रको अवस्था खस्केको र आर्थिक संकुचनकै कारण चाहेर पनि सामाजिक क्षेत्रमा उल्लेखनिय सेवा गर्न नसकिएको धारणा राखेका थिए ।

कार्यक्रममा प्रहरी उपरीक्षक गुरुङले सवारी दुर्घटनाका कारण अकालमा मानिसको मृत्यु भइरहेको बताए । उनले सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी चेतनामुलक कार्यक्रम र टाफिक नियम पालना गर्ने गराउने कार्यक्रममा यातायात कम्पनीहरुसँग सहकार्य गर्न इच्छुक रहेको धारणा राखे ।

# अन्तरपालिका फुटबलको खेल तालिका सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला समन्वय समिति मकवानपुर र खेलकुद विकास समितिको आयोजनामा शनिबार मंसिर १८ गतेबाट सुरु हुने 'अन्तरपालिका जिल्ला स्तरीय फुटबल प्रतियोगिता'को खेल तालिका सार्वजनिक गरिएको छ ।



बुधबार पत्रकार सम्मेलनमार्फत आयोजक जिसस मकवानपुरले खेल तालिका सार्वजनिक गरेको हो । खेल तालिकाअनुसार शनिबार उद्घाटन खेल अन्तर्गत हेटौंडा उपमहानगर पालिका र मनहरी गाउँपालिकाबीच दिउँसो २ बजे प्रतिस्पर्धा हुनेछ ।

मंसिर १९ गते आइतबार पहिलो खेल कैलाश र बकैया गाउँपालिका र दोस्रो खेल राक्सिराङ र भीमफेदी गाउँपालिकाबीच हुनेछ । मंसिर २० गते सोमबार पहिलो खेत इन्द्रसरोवर र बागमती गाउँपालिका र दोस्रो खेल थाहा नगरपालिका र मकवानपुरगढी गाउँपालिकाबीच हुने आयोजनाले जनाएको छ ।

मंसिर २१, २२ र २३ गते क्वार्टरफाइनल अन्तर्गतका खेलहरु हुनेछन् । मंसिर २५ गते शनिबार दिउँसो १ बजेबाट फाइनल प्रतिस्पर्धा हुने खेल तालिकामा उल्लेख छ । ८४ औं बोर्ड बैठकले प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो । जिससले गत वर्ष प्रतियोगिता आयोजना गर्ने तयारी गरेकोमा अन्तिम अवस्थामा कोभिडका कारण स्थगित भएको थियो ।

स्थानीय स्तरमा फुटबलको विकास गर्ने, नयाँ खेलाडि उत्पादन गर्ने तथा राष्ट्रिय प्रतियोगिताका लागि खेलाडि छनोट गर्न समेत मद्दत पुग्ने उद्देश्यका साथ जिल्ला स्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको प्रमुख रघुनाथ खुलालले बताए ।

करिब ७ लाख ५८ हजार लागत अनुमान गरिएको प्रतियोगितामा बिजेताले नगद २ लाख र उपविजेताले १ लाखसहित शिल्ड, मेडल तथा प्रमाणपत्र तथा विभिन्न विधागत रुपमा समेत पुरस्कारको व्यवस्था गरिएको छ ।

आयोजित पत्रकार सम्मेलनमा जिसस अध्यक्ष खुलाल, उपाध्यक्ष भगवती पुडासैनी, खेलकुद विकास समिति अध्यक्ष सानु लामा, जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामालगायतको आतिथ्यता रहेको थियो ।

# सञ्चारिका मकवानपुरमा रिजाल



साझाकुरा संवाददाता

हेटौंडा/सञ्चारिका समूह मकवानपुरको अध्यक्षमा सम्झना रिजाल चयन भएकी छिन् ।

भेलाले सर्वसम्मत रुपमा रिजालको नेतृत्वमा कार्यसमिति चयन गरेको हो । समूहको उपाध्यक्षमा प्रिया पौडेल, सचिवमा सिर्जना नेपाल, सहसचिवमा निशा गुरुङ, कोषाध्यक्षमा प्रतिक्षा न्यौपाने चयन भएका छन् ।

यस्तै सदस्यहरुमा सन्नु रिजाल, मनिता राना, शान्ति सेन्चुरी, स्विकृति न्यौपाने र जमुना थिङ रहेका छन् । ११ जनाको कार्यसमितिमा थप एक जना सदस्यपछि मनोनित हुने अध्यक्ष रिजालले बताइन् ।

कार्याक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, सञ्चारिका समूह मकवानपुरकी निवर्तमान अध्यक्ष सरिता दाहाल, प्रेस चौतारी नेपाल बागमती प्रदेशका सहसंयोजक प्रकाश दाहाल, पुष्पराज अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

# सकियो लेडी जेसीज सप्ताह

साझाकुरा संवाददाता

हेटौंडा/जेसीआई हेटौंडा लेडीको आयोजनामा भएको यस वर्षको जेसीज सप्ताह मंगलबार सकिएको छ । एकसाता १५ वटा कार्यक्रमको आयोजना गरी मनाइएको जेसीज सप्ताहको मंगलबार एक समारोहबीच समापन गरिएको हो ।



जेसीज सप्ताहको अवसरमा सुरक्षित यात्रालाई प्रोत्साहित गर्ने गरी स्लो स्कुटी प्रतियोगिता, स्कुटी तथा मयुरी चालक महिला चालकलाई सचेतना कार्यक्रम, जेसीज गाउँ घोषणा, महिला पत्रकारसँग मैत्रीपूर्ण फुटसल खेलको आयोजना गरिएको थियो । यस्तै जेसीज सप्ताहअन्तर्गत नै सस बनाउने तालिम, सेनिटरी प्याड बनाउने, हस्तकला तालिम, महिलाहरुलाई आत्मरक्षा सम्बन्धी तालिम, वक्तृत्वकला प्रतियोगिता पनि आयोजना गरेको थियो ।

जेसीआई हेटौंडा लेडीकी अध्यक्ष प्रतिमा श्रेष्ठको अध्यक्षता भएको समापन समारोहमा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मुक्तानको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री मुक्तानले एक वर्षे कार्यकालमा जेसीज अभियानले उल्लेखनीय कार्य गर्दै आएको बताइन् । कविता पौडेलको संयोजकत्वमा सम्पन्न जेसीज सप्ताहको मंगलबार समापन कार्यक्रम ज्योति काफ्लेको संयोजकत्वमा भएको हो । जेसीज सप्ताह समापनको अवसरमा विभिन्न प्रतियोगितामा सहभागी भई विजेता बनेका सहभागीलाई पुरस्कार वितरण समेत गरिएको थियो ।

कार्यक्रममा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, नेपाल जेसीजका कार्यकारिणी उपाध्यक्ष अरुणकुमार दाहाल, जेसीआई हेटौंडाका अध्यक्ष लिसेन बस्नेत, जेसीआई बसामाडीका अध्यक्ष गौतम केसीको उपस्थिति रहेको थियो ।


प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड








**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***


**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.





गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४





मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुरगढी



www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।
"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।






भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल